# धितोपत्र केन्द्रीय निक्षेप सेवा (सातौं संशोधन) विनियमावली, २०८०

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले देहायका विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "धितोपत्र केन्द्रीय निक्षेप सेवा (सातौं संशोधन) विनियमावली, २०८०" रहेको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २ मा संशोधन :** धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (यसपछि "मूल विनियमावली" भनिएको ) को विनियम २ को खण्ड (थ) पछि देहायको खण्ड (द) थपिएको छ :-

"(द) "एकाघरको परिवार" भन्नाले सम्बन्धित धितोपत्रधनीको पति, पत्नी, छोरा, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र सगोलको छोरी, दाजु, भाई, दिदी र बहिनी सम्झनु पर्छ ।"

३. **मूल विनियमावली विनियम २० मा संशोधन :** मूल विनियमावलीको विनियम २० को,-

(१) उपविनियम (२) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) निवेदनमा विवरण उल्लेख गर्दा बैंक विवरणमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वा "ख" वा "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा रहेको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।"

(२) उपविनियम (२क) को सट्टा देहायको उपविनियम (२क) राखिएको छ:-

"(२क) उपविनियम (१) र (२) बमोजिम हितग्राही खाता खोल्दा विद्युतीय माध्यमबाट समेत खाता खोल्न सकिनेछ ।"

(३) उपविनियम (२क) पछि देहायका उपनियम (२ख), (२ग) र (२घ) थपिएका छन् :-

"(२ख) उपविनियम (२क) बमोजिम खाता खोल्दा श्रव्यदृश्य (भिडियो) सहितको हितग्राही पहिचान सम्वन्धी प्रविधि लागू गरी हितग्राहीको पहिचान फारम, फोटो तथा

भिडियो र अन्य आवश्यक कागजात तथा विवरण, हितग्राही रहेको भौगोलिक स्थान (जिओलोकेसन) तथा सोको सम्पुष्टि हुने सुनिश्चितता गर्नु पर्नेछ ।

(२ग) उपविनियम (२क) बमोजिम खाता खोल्दा विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूचि, कागजात तथा विवरणहरु प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा अभिलेख राखी सम्पुष्टि गरिने विधि निर्धारित गरेको हुनु पर्नेछ ।

(२घ) उपविनियम (२क) बमोजिम खाता खोल्दा र खाता खोलीसकेपछि कारोबारमा हुन सक्ने जोखिम एवं दुरुपयोगका सम्वन्धमा निक्षेप सदस्य आफै जिम्मेवार रहनेछ र सो जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन निक्षेप सदस्यले पर्याप्त उपायहरु अवलम्बन गर्नु पर्नेछ र विद्युतीय रुपमा हितग्राहीको पहिचान फारमको तथ्यांक तथा अभिलेख राख्दा आधिकारीक व्यक्तिको हस्ताक्षर सहित राख्नु पर्नेछ ।"

(४) उपविनियम (८) को सट्टा देहायको उपविनियम (८) राखिएको छः-

"(८) हितग्राहीले आफ्नो खातामा भएको कारोवारको जानकारी अनलाइन मार्फत हेर्ने सुविधा लिन चाहेमा बार्षिक रुपमा पचास रुपैयाँ शुल्क भुक्तानी गरी सिडिएससिले निक्षेप सदस्यलाई व्यवस्था गरेको सफ्टवेयर मार्फत त्यस्तो सुविधा लिन सक्नेछ । सिडिएससिसँग सेवाग्राहीले माग गरेको अन्य सेवा सुविधाको शुल्क सम्वन्धमा बोर्डको पूर्व स्वीकृतीमा सिडिएससि र सेवाग्राही बीच भएको सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ ।

तर सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले बोर्डलाई पूर्व जानकारी दिई विशेष परिस्थिति वा विशेष अवसरमा हितग्राहिले आफ्नो हितग्राहि खाताको अनलाईन सुविधा लिए वापत लाग्ने शुल्कमा आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।"

बोर्ड सचिव

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर